भारतीय राजदूतावास
काठमांडू, नेपाल
Embassy of India
Kathmandu, Nepal

# समाचार पत्र – जनवरी २०२५

## द्विपक्षीय आदानप्रदान




### अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत-नेपाल अन्तरसरकारी समिति (आईजीसी)

अनधिकृत व्यापार नियन्त्रण हेतु व्यापार, पारवहन र सहकार्य सम्बन्धी भारत-नेपाल अन्तरसरकारी समिति (आईजीसी) को बैठक मिति २०८१ पौष २६-२७ गते सम्म काठमाडौंमा सम्पन्न भयो ।

थप जानकारी




### भूकम्पपछिको पुनर्निर्माण परियोजनाहरू सम्बन्धी पाँचौं संयुक्त परियोजना अनुगमन समिति बैठक

भारत र नेपालले भूकम्पपछिको पुनर्निर्माण परियोजनाहरू सम्बन्धी संयुक्त परियोजना अनुगमन समिति(जेपीएमसी) को पाँचौं बैठक मिति २०८१ माघ १४ गते काठमाडौँमा आयोजना गरेका थिए । भारतीय प्रतिनिधिमण्डलको नेतृत्व भारत सरकार, विदेश मन्त्रालयका अतिरिक्त सचिव (नर्थ) श्री मुनु महावरले गर्नुभएको थियो भने नेपाली प्रतिनिधिमण्डलको नेतृत्व नेपाल सरकार, शहरी विकास मन्त्रालयका सहसचिव श्री पद्मकुमार मैनालीले गर्नुभएको थियो ।

थप जानकारी



### लेफ्टिनेन्ट जनरल जुबिन ए मिनवाला, युवाइएसएम, एभीएसएम, वाइएसएम, जीओसी ३३ कोर्प्स र कर्णेल अफ दी रेजिमेन्ट, ९ जीआरको भ्रमण

लेफ्टिनेन्ट जनरल जुबिन ए मिनवाला, युवाइएसएम, एभीएसएम, वाइएसएम, जीओसी ३३ कोर्प्स र कर्णेल अफ दी रेजिमेन्ट ले मिति २०८१ माघ १४ देखि १९ गते सम्म भारतीय सेनाका पूर्व सैनिकहरूसँग अन्तरक्रिया गर्न र द्विपक्षीय सैन्य सम्बन्धलाई बढावा दिन नेपालको औपचारिक भ्रमण गर्नुभएको थियो ।

थप जानकारी

January 2025 © Embassy of India, Kathmandu



## ४१ सदस्यीय नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेजको विदेश अध्ययन भ्रमण

सहायक रथी मनोज थापाको नेतृत्वमा ४१ सदस्यीय नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेजको विदेश अध्ययन भ्रमण प्रतिनिधिमण्डलले मिति २०८१ माघ २-१० सम्म भारत भ्रमण गरेको थियो जसमा ६ जना संकाय सदस्यहरू र मित्र राष्ट्रका ४ विद्यार्थी अधिकारीहरू सहित ३४ विद्यार्थी अधिकारीहरू सम्मिलित थिए ।

थप जानकारी



## ७७ औं भारतीय सेना दिवस परेडमा नेपाली सेनाको ब्यान्ड टोलीको सहभागिता

मिति २०८१ माघ २ गते भारतको पुणेमा आयोजित ७७ औं भारतीय सेना दिवस परेडमा तीन महिला संगीतकारहरू सहित ३३ सदस्यहरू सम्मिलित नेपाली सेनाको ब्यान्ड टोलीको सहभागिता रहेको थियो ।

थप जानकारी



## भारत र नेपाल बीचको संयुक्त सैन्य अभ्यास 'सूर्य किरण अभ्यास' को १८ औं संस्करण

भारत र नेपाल बीचको संयुक्त सैन्य अभ्यास, सूर्य किरण अभ्यासको १८ औं संस्करण मिति २०८१ पौष १६ देखि २९ गते सम्म नेपालको शालझण्डीमा आयोजना गरिएको थियो ।

थप जानकारी

# विकास साझेदारी




## म्याग्दीमा उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को हस्तान्तरण

म्याग्दीस्थित म्याग्दी बहुमुखी क्याम्पसको क्याम्पस र छात्रावास भवनहरू भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा मिति २०८१ पौष २२ गते औपचारिक रूपमा क्याम्पस व्यवस्थापन समितिलाई हस्तान्तरण गरियो ।

थप जानकारी




## बागलुङमा उच्च प्रभाव सामुदायिक विकास परियोजना (एचआइसीडीपी) को हस्तान्तरण

बागलुङको श्री भीमगिठे माध्यमिक विद्यालयको विद्यालय भवन भारत र नेपालका प्रतिनिधिहरूद्वारा संयुक्त रूपमा २०८१ पौष २३ गते औपचारिक रूपमा विद्यालय व्यवस्थापन समितिलाई हस्तान्तरण गरियो ।

थप जानकारी

# सांस्कृतिक र जनता-जनताबीचको सहभागिता




## विश्व हिन्दी दिवस समारोह

काठमाडौंस्थित भारतीय दूतावासमा मिति २०८१ पौष २६ गते विश्व हिन्दी दिवसको आयोजना गरियो । उक्त कार्यक्रममा सांसद तथा हिन्दी मञ्च नेपालका अध्यक्ष श्री मंगल प्रसाद गुप्ता, नेपाल सरकार भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर, नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानकी उप-कुलपति श्रीमती निशा शर्मा र अन्य विशिष्ट अतिथिहरूले कार्यक्रमको शोभा बढाएका थिए ।

थप जानकारी




## धरानस्थित भारतीय दूतावास पेन्सन भुक्तानी कार्यालयमा रक्तदान कार्यक्रम

धरानस्थित भारतीय दूतावास पेन्सन भुक्तानी कार्यालय र विराट मेडिकल कलेजले मिति २०८१ पौष २७ गते एक रक्तदान कार्यक्रम तथा स्वास्थ्य शिविर आयोजना गरेको थियो, जसमा ३५० भन्दा बढी व्यक्तिहरू लाभान्वित भएका थिए र १८८ युनिट रगत सङ्कलन गरिएको थियो ।

थप जानकारी



## राष्ट्रिय युवा दिवसको समारोह

काठमाडौंस्थित भारतीय दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८१ पौष २८ गते स्वामी विवेकानन्दको जन्मजयन्तीमा श्रद्धा कुसुम अर्पण गर्‍यो, जुन दिनलाई राष्ट्रिय युवा दिवसको रूपमा मनाइन्छ ।

थप जानकारी



## भारतको ७६ औं गणतन्त्र दिवसको समारोह

काठमाडौंस्थित भारतीय दूतावासमा मिति २०८१ माघ १३ गते भारतको ७६ औं गणतन्त्र दिवस मनाइयो । राजदूतद्वारा भारतको राष्ट्रिय झण्डा झण्डोत्तोलन गरेसँगै समारोहको शुभारम्भ भएको थियो र त्यसमा भारतका सम्माननीय राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले राष्ट्रका नाममा गर्नुभएको सम्बोधनको प्रसारण, भारतीय सशस्त्र बलका मृतक सैनिकका श्रीमती र निकटतम नातेदारलाई सम्मान, २९ शैक्षिक संस्थाहरूलाई पुस्तक दान र सांस्कृतिक प्रदर्शनहरू समावेश थिए ।

थप जानकारी




## नेपालमा राजस्थानी लोकनृत्य मण्डलीद्वारा सांस्कृतिक प्रस्तुतिहरू

भारतको ७६ औं गणतन्त्र दिवसको अवसरमा काठमाडौंस्थित भारतीय दूतावासको स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रले मिति २०८१ माघ १३ देखि १८ गते सम्म काठमाडौं, वीरगञ्ज, चितवन, नेपालगञ्ज र पोखरामा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को सहयोगमा राजस्थानी लोकनृत्य मण्डलीद्वारा सांस्कृतिक साँझको आयोजना गर्‍यो ।

थप जानकारी



## भारतीय जन संचार संस्थान (आइआइएमसी) का पूर्व विद्यार्थीको बैठक

काठमाडौंस्थित भारतीय दूतावासले मिति २०८१ माघ ५ गते भारतीय जन संचार संस्थानका पूर्व विद्यार्थीहरूका साथै नेपाल आर्थिक पत्रकार समाजका पत्रकारहरू रनेपाल पत्रकार महासंघका पदाधिकारीहरूसँग अन्तरक्रियात्मक सत्रको आयोजना गर्‍यो । पत्रकारहरूले आफ्नो करियर निर्माणमा भारतीय जन संचार संस्थानले खेलेको भूमिकामाथि प्रकाश पारे ।

थप जानकारी



## भारतीय प्राविधिक तथा आर्थिक सहकार्य (आइटेक) का पूर्व विद्यार्थीका लागि प्रतिक्रिया र अन्तरक्रिया सत्र

काठमाडौंस्थित भारतीय दूतावासले आइटेक कोर्स 'इन्भेस्टिगेसन अब्रोड' का पूर्व विद्यार्थीहरूका लागि मिति २०८१ माघ १८ गते प्रतिक्रिया र अन्तरक्रिया सत्र आयोजना गरेको थियो । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र नेपाल सरकारको गृह मन्त्रालयका सहभागीहरूले आइटेक कोर्सबाट प्राप्त आफ्ना अनुभव र अन्तर्दृष्टिहरू साझा गरे ।

थप जानकारी

# भारतमा भएका विकासहरू




## इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो) को श्रीहरिकोटाबाट १०० औं प्रक्षेपण

इन्डियन स्पेस रिसर्च अर्गनाइजेसन (इसरो) ले मिति २०८१ माघ १६ गते श्रीहरिकोटास्थित आफ्नो अन्तरिक्ष केन्द्रबाट GSLV GSLV-F15/NVS-02 को १७ औं प्रक्षेपणको साथ प्रक्षेपणमा सफलतापूर्वक एक शताब्दी पूरा गर्यो । मिसनमा NVS-02 नेभिगेसन स्याटेलाइटलाई इनटेनडेड जियोसिंक्रोनस ट्रान्सफर अर्बिटमा सफलतापूर्वक इन्जेक्ट गरिएको थियो ।

थप जानकारी




## इसरोले दुई स्पेडेक्स स्याटेलाइटको डकिङ सफलतापूर्वक पूरा गर्‍यो

इसरोले दुई स्पेडेक्स स्याटेलाइट (SDX-01 & SDX-02) को डकिङ मिति २०८१ माघ ३ गते सफलतापूर्वक पूरा गर्‍यो । यो उपलब्धि हासिल गर्ने भारत विश्वमै चौथो राष्ट्र भएको छ ।

थप जानकारी




## भारत मोबिलिटी ग्लोबल एक्स्पो २०२५

भारत मोबिलिटी ग्लोबल एक्स्पो २०२५ संस्करणको उद्घाटन भारतका प्रधानमन्त्री श्री नरेन्द्र मोदीले गर्नुभएको थियो । उक्त ग्लोबल एक्स्पो मिति २०८१ माघ ४-९ गते सम्म दिल्ली र ग्रेटर नोएडाका तीन फरक स्थानहरूमा आयोजना गरिएको थियो । भारत मोबिलिटी ग्लोबल एक्स्पो २०२५ को विषयवस्तु "बियोंड बाउनडरिज: को- क्रिएटिंग फ्युचर अटोमेटिभ भ्यालु चेन" थियो ।

थप जानकारी




## स्टार्टअप इन्डियाको नौ वर्ष

मिति २०७२ माघ २ गते प्रारम्भ भएको स्टार्टअप इन्डिया योजना मिति २०८१ माघ ३ गते ९ वर्ष पूरा भएको छ । यो दिनलाई राष्ट्रिय स्टार्टअप दिवसको रूपमा मान्यता दिइएको छ ।

थप जानकारी




## महाकुम्भ २०२५ - प्रयागराज

महाकुम्भ २०२५ मिति २०८१ पौष २९ गते देखि उत्तर प्रदेशको प्रयागराजमा विश्वभरका भक्तजनहरूको सहभागितामा आयोजना भइरहेको छ । मिति २०८१ फागुन १४ गते सम्म आस्था र भक्तिको ऐतिहासिक र अद्वितीय उत्सवमा सहभागी हुनुहोस् ।

थप जानकारी



## अहमदाबादको नरेन्द्र मोदी रंगशालामा भव्य सांगीतिक कार्यक्रम कोल्डप्ले

भारतले अहमदाबादमा रहेको नरेन्द्र मोदी रंगशालामा १.५ लाख मानिसहरूको उपस्थितिमा भव्य सांगीतिक कार्यक्रम कोल्डप्ले सफलतापूर्वक आयोजना गर्‍यो । यस कार्यक्रमले भारतको विश्वस्तरीय पूर्वाधारमा समर्थित विश्वव्यापी कार्यक्रमहरू आयोजना गर्ने क्षमता प्रदर्शन गर्‍यो ।


थप जानकारी

# 'भारत को जानिए' (बीकेजे) क्विजको पाँचौं संस्करण

भारत सरकारको विदेश मन्त्रालयद्वारा आयोजित भारतको जानिए क्विजको पाँचौं संस्करणमा नेपालका शीर्ष ५० अंक प्राप्त गर्नेहरूलाई काठमाडौंस्थित भारतीय दूतावास र वीरगञ्जस्थित भारतको महावाणिज्य दूतावासले भारतको ७६ औं गणतन्त्र दिवस समारोहको अवसरमा 'सर्टिफिकेट्स अफ अचिभमेन्ट' प्रदान गरेर सम्मान गर्‍यो । बीकेजे क्विजका अन्तिम ३० विजेताहरूमा नेपालका श्री निखिल कुमार दास पनि थिए जसले भारत सरकारको प्रायोजनमा मिति २०८१ पौष २३ देखि माघ ८ गते सम्म १४ दिने बीकेजे यात्रा गरे ।



## श्री निखिल कुमार दासको वयान



I'm deeply greatful for the exceptional trip organized by the MEA and Indian Embassy, Nepal, for the BKJ quiz winners. The experience was remarkable, offering valuable insights in to India's rich history, heritage, culture and tradations. I appreciate the seamless planning, attention to detail, and warm hospitality that made the trip unforgettable. The oppurtunity to engage with participants and meet notable figures like PM of India Shri. Narendra Modi Ji, Deputy CM of Rajasthan Diya kumari Ji and MEA spokeperson Randhir Jaiswal Sir, was truly enriching. Thes trip will always be cherished as a once-in-a-lifetime experiency.

Warm Regards,
Nikhil Kumar Das
22. Jan. 2025
Nikhil


January 2025 © Embassy of India, Kathmandu